# पाठ ८ यूहन्ना ८

**यस पाठमा तपाईंले यी विषयहरूको अध्ययन गर्नुहुनेछ. . .**

व्यभिचारमा समातिएकी स्त्री
संसारका ज्योति, येशू
जहाँ म जान्छु, त्यहाँ तिमीहरू आउन सक्दैनौ
स्वतन्त्र मानिसहरू र कमाराहरू
येशू र अब्राहाम

---

## व्यभिचारमा समातिएकी स्त्री

---

यूहन्ना ८:१-११ पढनुहोस्।

अरूहरूलाई कहिले आलोचना र दोष लगाउने भन्ने बारेमा येशूले अति असल नियम दिनुभएको छः



"तिमीहरूमा जो पापरहित छ, त्यसैले त्यस स्त्रीलाई पहिले ढुङ्गा हानोस्" (यूहन्ना ८:७)।

मानिसहरू दोषी भएका पापहरूलाई येशूले भूइँमा लेख्नुभएको हुन सक्छ। तिनीहरू लज्जित भए र त्यो ठाउँ छोड़ेर गए।

पाप नगर्नेहरूमा येशू मात्र त्यहाँ रहनुभयो। उहाँले ती स्त्रीलाई दण्ड दिनुभएन। उहाँले तिनको जीवनलाई उद्धार गर्नुभयो र तिनका पापहरूलाई क्षमा दिनुभयो। गएर फेरि पाप नगर भनी उहाँले तिनलाई अर्ती दिनुभयो। परमेश्वरले हामीलाई क्षमा दिनुभएपछि, हामी पापका काममा लागिरहनु हुँदैन।

### तपाईंको अभ्यासको निम्ति

१ यूहन्ना ८:७-लाई कण्ठ गर्नुहोस्। जब-जब तपाईं कसैलाई आलोचना गर्ने मन गर्नुहुन्छ, यो पदलाई तपाईं आफ्नै निम्ति उद्धृत गर्नुहोस्।

**२** परमेश्वरको क्षमाको निम्ति प्रार्थना गर्नेहरूले पाप गर्नका लागि पनि बन्द गरून् भनी परमेश्वरसँग प्रार्थना गर्नुहोस्।

---

## संसारका ज्योति, येशू

---

यूहन्ना ८ः१२-२० पढ्नुहोस्।

आफू संसारको ज्योति हुँ भनी येशूले मानिसहरूलाई भन्नुभयो। बाइबलले पापका कुराहरूलाई अन्धकार भनी घरीघरी बताएको छ। चम्किलो ज्योति झैं येशूले हाम्रा पापहरूलाई देखाउनुहुन्छ र स्वर्ग जाने बाटो पनि हामीलाई देखाउनुहुन्छ। हाम्रा पापहरूको क्षमा नहोउन्जेलसम्म हामी स्वर्गमा जान सक्दैनौं। २४ पदले बताउँछ कि येशूमा विश्वास नगर्नेहरूचाहिँ आ-आफ्ना पापहरूमा मर्नेछन्।

---

### तपाईंको अभ्यासको निम्ति

**३** आफ्नो सुसमाचारको निम्ति यूहन्नाले लेखेका परिचयमा फर्कनुहोस् र यूहन्ना १:१-६ लाई फेरि पढ्नुहोस्।

**४** येशूले किन आफैलाई संसारको ज्योति भन्नुभयो?

**क.** किनकि उहाँ साँचो ज्योति हुनुहुन्छ, जसले हामीलाई हाम्रा पापहरू देखाउँछ र स्वर्गको बाटो पनि हामीलाई देखाउँछ।

ख. किनकि उहाँले सधैँ राति होइन तर दिनमा सिकाउनुभयो।
ग. किनकि रातमा प्रयोग गर्नका लागि उहाँले प्रत्येकलाई बत्ती दिनुभयो।

## जहाँ म जान्छु, त्यहाँ तिमीहरू आउन सक्दैनौ

यूहन्ना ८:२१-३० पढ्नुहोस्।

येशूले फेरि आफ्नो मृत्युको बारेमा मानिसहरूलाई बताउनुभयो, र यस घटनामा तिनीहरूले उहाँलाई पछ्याउन नसक्ने कुराको उहाँले बोध गराउनुभयो। उहाँ स्वर्गबाट आउनुभएको हो र उहाँ स्वर्गमा फर्किजानुहुनेछ। तर सारा संसारका पापहरूका निम्ति मर्नका लागि सबैभन्दा पहिले मानिसका पुत्रलाई क्रूसमा उठाइनुपर्नेछ। यस बारेमा निकोदेमससँग ३ अध्यायमा येशू कसरी बोल्नुभयो सो कुरालाई याद गर्नुहोस्!

परमेश्वरको नाउँ के हो भनी मोशाले उहाँसँग प्रश्न गर्दा, "म हुँ जो म हुँ" भनी उहाँले आफ्नो नाम भन्नुभएको थियो। येशूको मृत्यु र पुनरुत्थानले हामीलाई विश्वास गर्न लगाउँछ कि उहाँ हाम्रा मुक्तिदाता हुनुहुन्छ।

**तपाईंको अभ्यासको निम्ति**

**५** २३,२४,२८ र २९ पदहरूलाई तीन पल्ट पढ्नुहोस्।

६ मोशाले उजाड़-स्थानमा पीतले साँपलाई उचालेझैं, मानिसको पुत्रलाई पनि उचालिनेछ भनी येशूले कसलाई भन्नुभएको थियो? ..........................................................

७ यूहन्ना ३:१४-२१-लाई फेरि पढ्नुहोस्।

## स्वतन्त्र मानिसहरू र कमाराहरू

यूहन्ना ८:३१-४७ पढ्नुहोस्।

पाप गर्ने प्रत्येक पापको कमारो हो भनी येशूले भन्नुभयो। पापी व्यक्तिले चाहना गरे तापनि पाप गर्नबाट ऊ रोकिन सक्दैन। आफूले गरेका काम आफूले किन गरेको हो भन्ने कुरा थाहा नभएको भनी धेरै मानिसहरूले स्वीकार गरेका छन्, तर त्यस काम नगर्नबाट चाहिँ तिनीहरूले आफूलाई टाढ़ा राख्न सक्दैनन्। कमाराको सधैं नै मालिक हुन्छ, र पापीचाहिँ शैतानको कमारो हो। तर यदि हामी येशूको शिक्षाको आज्ञा पालन गर्छौं भने, उहाँले हामीलाई पापबाट र शैतान (दुष्ट) बाट स्वतन्त्र पार्नुहुन्छ।



"तिमीहरू मेरो वचनमा रहयौ भने तिमीहरू साँच्चै मेरा चेला हौ। तब तिमीहरूले सत्य के हो सो जान्नेछौ, र सत्यले तिमीहरूलाई स्वतन्त्र तुल्याउनेछ। यसकारण पुत्रले तिमीहरूलाई स्वतन्त्र गरायो भने तिमीहरू निश्चय स्वतन्त्र हुनेछौ" (यूहन्ना ८:३१,३२,३६)।

**तपाईंको अभ्यासको निम्ति**

८ यूहन्ना ८:३१,३२ र ३६ लाई कण्ठ गर्नुहोस्।

९ पापको कमारा बनेका तपाईंका मित्रहरूका निम्ति प्रार्थना गर्नुहोस्, ताकि तिनीहरूले येशूमा स्वतन्त्रता प्राप्त गर्न सकून्।

## येशू र अब्राहाम

यूहन्ना ८:४८-५९ पढ्नुहोस्।

येशूले भन्नुभएका यी कुराहरू सुन्नेहरूमध्ये कोही-कोहीलाई यी कुराहरू चित्त बुझेन र यिनीहरू रिसाए। तिनीहरू कहिल्यै कमारा भएका छैनन् भनी तिनीहरूले बताए। तिनीहरू अब्राहामका सन्तान थिए र स्वतन्त्र रूपमा जन्मेका थिए। हामी शैतानका कमाराहरू हौं भनी विचार गर्न हामीलाई मन पर्दैन, तर येशूले हामीलाई स्वतन्त्र नपारुन्जेल योचाहिँ वास्तविकता नै हो।

यहूदीहरूले अब्राहामका बारेमा फेरि कुराकानी गर्दा, येशूले तिनीहरूलाई भन्नुभयो कि येशूको दिन देख्नलाई अब्राहाम प्रफुल्लित भएका थिए। उहाँले यसो पनि भन्नुभयो, "अब्राहाम हुनुभन्दा अघिबाटै म छँदैछु।" उहाँले "म छँदैछु" भन्ने शब्दलाई वर्तमान कालमा प्रयोग गर्नुहुँदा परमेश्वरले प्रस्थान ३:१४-मा प्रयोग गर्नुभएकै शब्दलाई उहाँले प्रयोग गर्नुभएको थियो: "तब परमेश्वरले मोशालाई भन्नुभयो, "**म हुँ जो म हुँ**।"

फेरि उहाँले भन्नुभयो, ''इस्राएलीहरूलाई तैंले यसो भन्नू, 'म हुँ' भन्नेले तिमीहरूकहाँ मलाई पठाउनुभएको हो।''



यस भनाइले केही अगुवाहरूलाई यति धेरै रीस उठायो कि तिनीहरूले येशूलाई ढुङ्गा हान्ने कोशिश गरे। तर येशू सुरक्षाको लागि मन्दिरबाट बाहिर निस्किजानुभयो, किनकि उहाँ मर्नुपर्ने समय अझै आइपुगेको थिएन। उहाँ हाम्रा पापहरूका निम्ति मर्न आउनुभएको कुरा सत्य हो, तर परमेश्वरले निर्धारण गर्नुभएको समयभन्दा पहिले यो घटना नहुने नै थियो।

## तपाईंको अभ्यासको निम्ति

**१०** येशूले आफ्नै बारेमा र अब्राहामका बारेमा के भन्नुभयो?

**क.** ''अब्राहाम पनि मेरा पिता थिए।''
**ख.** ''मैले अब्राहामलाई कहिल्यै देखेको छैन।''
**ग.** ''अब्राहाम हुनुभन्दा अघिबाटै म छँदैछु।''

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

४ क) किनकि उहाँ साँचो ज्योति हुनुहुन्छ, जसले हामीलाई हाम्रा पापहरू देखाउँछ र स्वर्गको बाटो पनि हामीलाई देखाउँछ।

१० ग) "अब्राहाम हुनुभन्दा अघिबाटै म छँदैछु।"

६ निकोदेमस।